## परिच्छेद १.
## १. संक्षिप्त नाम र प्रारम्भ

**क**.यस ऐनको नाम जोशीपुर गाउँपालिकामा रहेका थारु भलमन्सा(बरघर) प्रणालीको संरक्षण, प्रवर्द्धन र विकास गर्न बनेको ऐन, २०७८ रहेको छ। यस ऐनलाई छोटकरीमा भलमन्सा (बरघर) ऐन २०७८ भनिनेछ।

**ख**. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

**क**.भलमन्सा(बरघर) प्रणाली भन्नाले, थारु समुदायले स्वायत्त र स्वशासित रुपमा आफ्नो संस्कृतिक प्रथा र प्रथाजनित कानून अनुसार चिरकालदेखि निरन्तर प्रचलन, अभ्यास, अवलम्वन गरी आएको मौलिक परम्परागत प्रणाली र संस्थालाई सम्झनु पर्दछ । यसले ऐनको अनुसूची नं. ३ बमोजिमको संगठन प्रणालीलाई समेत सम्झनु पर्दछ।

**ख**. गाउँपालिका, भन्नाले जोशीपुर गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

**ग**. गाउँ भन्नाले जोशीपुर गाउँपालिकाको वडाभित्रका विभिन्न गाउँमा बसोबास गर्ने थारु समुदायले छुटयाएको नामाकरण गरिएको अस्तित्वमा रहेको गाउँपालिकामा सुचिकृत भएको क्षेत्रलाई गाउँ सम्झनु पर्दछ।

**घ**. टोल भन्नाले जोशीपुर गाउँपालिकामा सुचिकृत भएको गाउँको सिमाना भित्रको गाउँको बखेरीले मान्यता प्रदान गरेको क्षेत्र पुरुवा (टोल) लाई सम्झनु पर्दछ।

**ङ**. प्रथा, भन्नाले परम्परागत रुपमा चलिआएको आदिवासी थारुको संस्कृति, परम्परा, प्रचलन र अभ्यासलाई सम्झनु पर्दछ।

**च.** बरघर भन्नाले भल्मन्साहरुलाई सम्झनु पर्दछ।

**छ**. गाउँपालिका बखेरी भन्नाले भलमन्साहरुको वार्षिक भेला भन्ने सम्झनु पर्दछ।

**ज**. वडा बखेरी भन्नाले वडा गाउँटोलका भल्मन्साहरुको वार्षिक भेला भन्ने सम्झनु पर्दछ।

**झ**. प्रणाली भन्नाले थारु भलमन्सा(बरघर) प्रणालीलाई सम्झनु पर्दछ।

**ञ**. अध्यक्ष भन्नाले जोशीपुर गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

**ट.**उपाध्यक्ष भन्नाले जोशीपुर गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

**ठ**. वडा अध्यक्ष भन्नाले जोशीपुर गाउँपालिका भित्रका प्रत्येक वडाका वडा अध्यक्षलाई सम्झनु पर्दछ।

**ड**. गाउँ बरघर भन्नाले यस ऐनको दफा ६ बमोजिम छनौट भएको बरघरलाई सम्झनु पर्दछ॥

**ढ**. वडा बरघर भन्नाले यस ऐनको दफा ७ बमोजिम छनौट भएको बरघरलाई सम्झनु पर्दछ।

**ण**. गाउँ बरघर भन्नाले यस ऐनको दफा ८बमोजिम छनौट भएको बरघरलाई सम्झनु पर्दछ।

**त**. सहायक बरघर भन्नाले बरघर प्रणालीमा गाउँ बरघरलाई सहयोग गर्न छनौट भएको सहायक बरघरलाई सम्झनु पर्दछ।

**थ**. लिखन्दार भन्नाले बरघर प्रणालीमा लेखापढी, हिसाब किताबको काम गर्नेलाई सम्झनु पर्दछ।

**द**. टोल बरघर भन्नाले गाउँ बरघरलाई सहयोग गर्ने र आवश्यकता अनुसार आफ्नो टोलमा नेतृत्व

गर्ने बरघरलाई सम्झनु पर्दछ ।
ध. अगहुवा भन्नाले सर्वजानिक, भौतिक विकास निर्माणको कामलाई व्यस्थित गर्न कामको बाडफाँड र हेर चाह गर्ने जिम्मेवारी दिइएकालाई सम्झनु पर्दछ ।
न. गुरुवा भन्नाले बरघर प्रणाली अन्तर्गत गाउँको धार्मिक तथा सांस्कृतिक अनुष्ठान गर्नको लागि गाउँ खोज्नीबोजनीबाट छनौट भएकोलाई सम्झनु पर्दछ ।
प. केसौका भन्नाले गुरुवाको सहयोगीलाई सम्झनु पर्दछ ।
फ.चिराकी भन्नाले परम्परादेखि चलिआएको धार्मिक, सांस्कृतिक अनुष्ठानमा सहयोग गर्ने तथा गाउँको साझा देवता (ठन्वा मरुवा) मा नियमित दियो बाल्ने र पूजापाठ गर्ने , चाडपर्व र उत्सव विवाहमा चोखो आगोको व्यवस्था मिलाउने कार्यका लागि नियुक्त भएका व्याक्तिलाई सम्झनु प्रर्दछ ।
ब. चौकीदार भन्नाले गाउँको चौकीदारी गर्ने, रेखदेख सूचना प्रवाह र आपत विपदको बेलामा सहयोग गर्ने कार्यकोलागि नियुक्त भएका व्याक्तिलाई सम्झनु पर्दछ ।
भ. श्रमदान भन्नाले बरघरको नेतृत्वमा गाउँको सार्वजनिक कामका लागि सम्बन्धित गाउँ वा टोलका सबै घरधुरी वा आलोपालो गरी उपस्थित भई नि.शुल्क श्रमदान वा सीप दान वा सामुहिक रुपमा गरिने कार्यलाई सम्झनु पर्दछ ।
म. बरघर वर्षभन्नाले एक आर्थिक वर्ष माघ १ गतेदेखि शुरु भई पौष मसान्त सम्मको अवधीलाई सम्झनु पर्दछ ।
य. ढकेहर भन्नाले बरघर प्रणाली अन्तर्गत गाउँको धार्मिक तथा सांस्कृतिक अनुष्ठान, ढाक बजाउने कार्यका लागि गाउँ बखेरी/खोज्नीबोजनीबाट छनौट भएकोलाई सम्झनु पर्दछ ।
र. बखेरी भन्नाले प्रत्येक वर्ष माघ महिनाभित्र गरिने गाउँ, वडा र गाउँको वार्षिक भेलालाई सम्झनु पर्दछ ।
ल.जुटेहलाभन्नाले गाउँको बरघरको नेतृत्वमा हुने छलफललाई सम्झनु पर्दछ ।
व. खोज्नीबोजनी भन्नाले बरघर प्रणाली अन्तर्गत चयन भएका पदाधिकारीहरुको कामको समीक्षा गर्ने, आवश्यक पर्ने पदका लागि योग्य र उपयुक्त व्यक्ति छनौट गर्ने कार्य वा प्रक्रियालाई सम्झनु पर्दछ ।
श. कचहरी भन्नाले सामाजिक न्याय निरुपण गर्नका लागि बस्ने गाउँको भेलालाई सम्झनु पर्दछ ।
ष. न्यायिक समिति भन्नाले गाउँपालिकामा रहेको न्यायिक समितिलाई सम्झनु पर्दछ ।
. मेलमिलाप कर्ता भन्नाले प्रत्येक वडामा रहेका सुचिकृत मेलमिलापकर्तालाई सम्झनु पर्दछ ।
स. तिहाई भन्नाले गाउँको सार्वजनिक पदमा काम गरे वापत पारिश्रमिक स्वरुप घरधुरीबाट गाउँ बखेरीको निर्णय अनुसार संकलन गरिने अन्न वा नगदलाई सम्झनु पर्दछ ।
ह. पुजौटी भन्नाले निश्चित्त प्रयोजनको लागि परम्परा अनुसार गरिने विभिन्न पूजापाठलाई सम्झनु पर्दछ ।

## परिच्छेद २.
## बरघरको कार्यक्षेत्र, प्रमाणपत्र, परिचयपत्र र अभिलेख

**३. बरघरको कार्यक्षेत्र**

(१)थारु समुदायको परम्परागत प्रथाजनित संगठनको क्षेत्राधिकार गाउँ बरघरको हकमा सम्बन्धित एक गाउँमा रहनेछ । निजले सोही गाउँ समुदायको अगुवाई गर्नेछ । टोल बरघरले आफ्नो टोल र सोही गाउँमा  बरघरले प्रदान गरेको जिम्मेवारी अनुसार अगुवाई गर्नेछ ।

(२) वडा बरघरले सम्बन्धित वडा कार्यालय, वडा भित्र पर्ने सबै गाउँका बरघरहरुसँग समन्वय र सहकार्य गर्नेछ ।

(३) गाउँ बरघरले गाउँपालिका, गाउँपालिका भित्रका सबै वडा बरघर र गाउँ बरघरसँग समन्वय र सहकार्य गर्नेछ ।

**४. प्रमाणपत्र र परिचयपत्र सम्बन्धी व्यवस्था**

(१) यस ऐन बमोजिम गाउँपालिकामा सुचिकृत भएको प्रमाणपत्र गाउँपालिकाले प्रदान गर्नेछ ।

(२) प्रत्येक वर्ष गाउँ, वडा, गाउँ बखेरीबाट छनौट भएका बरघर प्राणाली भित्रका पदको जिम्मेवारी पाउन े व्यक्तिलाई गाउँपालिकाले अनुसूची  १. बमोजिम प्रमाणपत्र र अनुसूची नं.२ . बमोजिमको् परिचय पत्र प्रदान गर्नेछ ।

**५. अभिलेख**

(१) बरघर प्रणाली अन्तर्गत प्रत्येक वर्ष गरेको कार्य र गतिविधिको लेखाजोखाको अभिलेखिकरण गरिनेछ । सो अभिलेख गाउँपालिकामा बुझाई गाउँ, वडा र गाउँ बरघर प्रणालीलाई लौसारी (नवीकरण) गराउनुपर्नेछ ।

(२) गाउँ बरघरलाई नवीकरण गर्दा कुनै प्रकारको शुल्क लाग्ने छैन ।

## परिच्छेद ३.
## गाउँ, वडा र गाउँ बखेरी,थारु भलमन्सा(बरघर) संगठन प्रणालीको गठन र बैठक सम्बन्धी व्यवस्था

**६. गाउँ बखेरी (पालिका बखेरी)**

(१)गाउँपालिकामा सूचीकृत प्रत्येक गाउँको मुल बरघर वा गाउँ बखेरीले गाउँ बरघर बखेरीको लागि छनौट गरेको १ गाउँ १ जना प्रतिनिधि र वडा बरघर समितिका सबै सदस्य रहने गरी गाउँ बखेरी गठन हुनेछ ।

(२) सो बखेरीले आफू मध्येबाट १ जना बरघर २ जना सहायक बरघर र १ जना लिखन्दार चयन गर्नेछ, र प्रत्येक वडाका वडा बरघर, गाउँ बरघर समितिको पदेन सदस्य रहनेछन् ।

(३) गाउँ बखेरी सामान्यतया माघ महिनामा बस्नेछ ।

(४) गाउँ बखेरी बस्दा ७ दिन अगावै वडा र गाउँ बरघरलाई सूचना दिनु पर्नेछ ।

**७. वडा बखेरी**

(१) प्रत्येक वडाभित्र रहेका गाउँको गाउँ बरघर र सहायक बरघर रहेको वडा बखेरी गठन हुनेछ । हरेक गाउँ बखेरीले वडा बखेरीकोलागि गाउँ बरघर सहित २ जना प्रतिनिधि चयन गर्न सक्नेछ ।

(२) यस बखेरीले आफूमध्येबाट १ जना वडा बरघर २ जना सहायक बरघर र १ जना लिखन्दार चयन गर्नेछ ।

(३) वडा बरघर समितिमा गाउँ बरघर पदेन सदस्य रहनेछन् ।

(४) प्रत्येक गाउँको बखेरी बसी सकेपछि सामान्यतया माघ महिनामा वडा बखेरी बस्नेछ ।

(५) वडा बखेरी बस्दा ७ दिन अगावै गाउँ बरघरलाई सूचना दिनु पर्नेछ, वा वडा बरघरको प्रतिनिधिहरुलाई सूचना दिनु पर्नेछ ।

**८. गाउँ बखेरी**

(१) गाउँ बरघरको सिमानाभित्र पर्ने प्रत्येक घरधुरीबाट कम्तीमा एकजना वा बढीमा महिला पुरुष गरी दुई जना प्रतिनिधित्व भएको गाउँ बखेरी गठन हुनेछ । यो बखेरी बरघर प्रणालीको सर्वोच्च अंग हुनेछ ।

(२) बरघर वर्षको माघ महिनामा गाउँका सबै घरधुरीबाट प्रतिनिधत्व भएको बखेरी बस्नेछ ।

(३) यस बखेरीले बरघर प्रणालीको पदधिकारी, जस्तै बरघर सहायक बरघर लिखन्दार चिराकी चौकीदार, गुरुवा, केसौका, आदिको खोज्नीबोजनी गर्नेछ । बरघर वर्षको हिसाव किताबको सोधखोज र अनुमोदन गर्नेछ ।

(४) यस बखेरीले वडा बखेरीको लागि गाउँ बरघर सहित दुई जना प्रतिनिधिको चयन गर्नेछ ।

(५) बरघरले बखेरी बस्नको लागि कम्तीमा ७ दिन अगावै मिति, स्थान र समय तोकेर सूचना जारी गर्नु पर्नेछ ।

(६) चौकीदार मार्फत कम्तीमा १ दिन अगावै गाउँमा सबै घरधुरीलाई गाउँ बखेरी बस्ने सूचना पुन. दिनु पर्नेछ ।

(७) दफा २२ बमोजिम बरघर संगठन प्रणालीको कुनै पद रिक्त भएमा सो पदमा जिम्मेवारी प्रदान गर्न यस ऐनको दफा ८ को उप दफा (२) र (३) को प्रक्रिया पूरा गरी जुनसुकै महिनामा दुई तिहाई घरधुरीको जुटेहला बसी पदपुर्ति गर्न सक्नेछ ।

(८) गाउँ बखेरीमा सम्बन्धि वडा जनप्रतिनिधिलाई आमन्त्रण गरिनेछ । बखेरीको गाउँ स्तरको योजना छनौट कार्यक्रममा जनप्रतिनिधिहरुको उपस्थिति अनिवार्य गरिनेछ ।

**९. गाउँ बखेरीको काम, कर्तब्य र अधिकार.**

बरघर बखेरीको काम कर्तब्य र अधिकार देहाय बमोजिम रहनेछ ।

(१)गाउँमा वर्षभरि भए गरेका कामको समीक्षा गर्ने ।

(२) गाउँको वर्ष भरिको लागि योजना निर्माण गर्न को लागि सम्वन्धित वडा समितिसँग समन्वय गर्ने र गाउँपलिकामा पेश गर्ने ।

(३) गाउँ चलाउनकोलागि गाउँको मूल्य मान्यता, परम्परा र नियम, कानुन बनाउने ।

(४) बरघर संगठन प्रणाली अन्तर्गतका पदहरु, जस्तै, बरघर, सहायक बरघर, लिखन्दार, गुरुवा, केसौका, चौकीदार, चिराकी, अगहुवा, आदि चयन गर्ने, र आवश्यकता अनुसार बरघर समितिका सदस्यहरुको खोज्नीबोजनी गर्ने  बरघर समितिमा महिलाको प्रतिनिधित्व अनिवार्य गराउनु पर्नेछ ।

(५) वर्षभरी भएको आम्दानी र खर्चको सार्वजनिक सुनवाइ गरी पास गर्ने ।

(६) आगामी वर्षका लागि आम्दानीको श्रोत पहिचान र निर्धारण, तिहाई, खारा, जरीवान, आदि निर्धारण गर्ने ।

(७) बरघर प्रणाली भित्रका पदलाई दिने सेवा सुविधा, तिहाई निर्धारण गर्ने ।

(८) यस ऐन बमोजिम गाउँको विधान निर्माण र संशोधन गर्ने ।

(९) नयाँ आएका घरधुरीलाई सदस्यता दिने वा दिएको सदस्यतालाई अनुमोदन गर्ने र गाउँको घरधुरी र जनसंख्या अध्यावधिक गर्ने ।

(१०) गाउँ बखेरी र वडा बखेरीका लागि प्रतिनिधि छनौट गरी पठाउने ।

(११)गाउँकोवार्षिक योजना बनाउने, र आवश्यक बजेट बाँडफाँड गर्ने, अनुमानित आम्दानी तथा खर्चको विवरण तयार पारी पारित गर्ने ।

**१०. बरघर संगठन प्रणाली**

(१) गाउँपालिकामा बरघर संगठन प्रणाली अनुसूची नं. ३ मा दिए बमोजिम हुनेछ ।

(२) बरघर प्रणाली आफैमा स्वायत्त हुनेछ । यसर्थ गाउँ बरघले आफ्ना परम्परागत कार्यहरु गर्न स्वतन्त्र रहनेछ तर विकास निर्माणका कार्यहरु गर्दा वडा वा गाउँपालिकासित समन्वय र सहकार्य गर्नु पर्ने छ ।

(३) वडा बरघर प्रणालीले वडा कार्यालय र सो वडाभित्र रहेको गाउँ बरघरसँग समन्वय गर्ने कार्य गर्नेछ ।

(४) गाउँ बरघर प्रणालीले गाउँपालिका र गाउँभित्र रहेका वडा बरघर र गाउँ बरघरसँग समन्वय गर्ने कार्य गर्नेछ ।

**११. गाउँ जुटेहला, निर्णय प्रक्रिया र कार्यान्वयन सम्बन्धी व्यवस्था**

(१) गाउँको नियमित जुटेहला सामान्यतया महिनामा एक पटक हुनेछ तर, आवश्यक परेको बेला जति पटक पनि जुटेहला गर्न सकिनेछ ।

(२) विवाद समाधान वा न्याय निरुपणकोलागि आवश्यकता अनुसार कचहरी जुनसुकै दिन र बेला बेलामा बस्न सक्नेछ ।

(३) गाउँ बखेरी,जुटेहला र कचेहरीले गरेको निर्णयहरु बरघरको नेतृत्वमा पदीय जिम्मेवारी अनुसार कार्यान्वयन गरिनेछ ।

(४) गाउँ बखेरी,जुटेहला र कचेहरीको अध्यक्षता बरघरले गर्नेछन, तर निजको अनुपस्थितिमा सहायक बरघरमध्ये सहमतिमा एक जनाले अध्यक्षता गर्नेछ ।

(५) बहुमत सदस्यहरुको उपस्थितिमा बैठक बस्नेछ र निर्णयहरु सर्वसम्मत वा बहुमतले हुनेछ ।

**१२. बरघर प्रणाली भित्रको पदका लागि योग्यता**

(१) बरघर र सहायक बरघर हुनका लागि योग्यता

क. नेपाली नागरिक हुनु पर्नेछ ।

ख. गाउँमा कम्तीमा ५ वर्षदेखि स्थायी बसोबास गर्दै आईरहेको हुनु पर्नेछ ।

ग. गाउँमा वर्ष भरी नियमित बसोबास गर्ने,

घ. गाउँ समुदायको नजरमा उच्च नैतिक चरित्र भएको,

ड. २१ वर्ष उमेर पूरा भएको

**(२) लिखन्दार हुनका लागि योग्यता**

क. नेपाली नागरिक,हुनु पर्ने ।

ख. गाउँमा कम्तीमा ५ वर्षदेखि स्थायी बसोबास गर्दै आईरहेको,

गगाउँमा वर्ष भरी नियमित बसोबास गर्ने,

घ. गाउँ समुदायको नजरमा उच्च नैतिक चरित्र भएको

ङ. २१ वर्ष उमेर पूरा भएको

च. गाउँको हर हिसाव राख्ने र लेखपढ गर्न जानेको ।

**३.चोकीदार हुनका लागि योग्यता**

क. नेपाली नागरिक,हुनु पर्ने ।

ख. गाउँमा नियमित बसोबास गर्ने ।

ग. गाउँ समुदायको नजरमा उच्च नैतिक चरित्र भएको

घ. २१ वर्ष उमेर पूरा भएको

**(४) गुरुवा र केसौका हुनका लागि योग्यता**

क. नेपाली नागरिक,हुनु पर्न

ख. सोही गाउँ वा आसपास नजिकको गाउँमा नियमित बसोबास गर्ने,

ग. गाउँ समुदायको विश्वास, मान्यता र परम्परा अनुसार गाउँको साझा पूजापाठ गर्न जानेको, र मन्त्र विद्या जानेको हुनुपर्ने ।

घ. गाउँको परम्परा र संस्कृति जानेको, बुझेको र अनुभव रहेको ।

ङ. दु.खी बिमारीहरुलाई सहयोग गर्ने भावना भएको ।

**(५) चिराकी हुनका लागि योग्यता.**

क.नेपाली नागरिक,हुनु पर्ने ।

ख.गाउँमा नियमित बसोबास गर्ने ।

ग.गाउँको मूल देवथानमा नियमित पुजौटी गर्न इच्छुक भएको, ।

घ. गाउँ समुदायको धर्म, संस्कृति अनुसारको पूजा पाठ गर्न जानेको, ।

ङ. चोखो आगोको व्यवस्था गर्ने प्रविधि, सामग्री सम्बन्धी ज्ञान र अभ्यास गरेको, ।

## परिच्छेद ४.
## गाउँ बरघर, चौकीदार र चिराकीको काम, कर्तव्य र अधिकार

**१३.बरघरको काम कर्तव्य र अधिकार**

(१) संरक्षकत्वको भूमिका.

क. बरघरले गाउँका सबै मानव, चराचर, पशुपंक्षी, बालीनालीको प्रमुख संरक्षकको भूमिका निर्वाह गर्ने ।

ख. गाउँमा आईपर्ने विपद्बाट जोगाउने, बाहय आक्रमण वा हस्तक्षेपबाट गाउँलाई सुरक्षित बनाउने, र आपत विपद्मा राहत दिने ।

ग. कसै माथि अन्याय परेमा गाउँको जुटेहला बोलाई सो सम्बन्धमा छलफल गरी आवश्यकर उचित निर्णय गर्ने ।

घ.गाउँभित्र कुनै घर अलग हुन चाहेमा बरघर वा निजको प्रतिनिधि उपस्थित भई सामाजिक न्याय कायम गर्दै मानो छुटयाउन र घर बनाउन सहयोग गर्ने ।

ङ. विपद्मा परी समस्यामा परेका व्यक्ति, घर परिवारलाई मानवीय सहयोग जुटाउने कार्य गर्ने ।

च. गाउँको सार्वजनिक सम्पत्तिको रेखदेख, संरक्षण र सदुपयोग गर्ने गराउने ।

छ. आधारभूत आवश्यकता अन्तर्गत सामाजिक सेवाका क्षेत्रमा विपन्न समुदायको पहुँच रहने

व्यवस्थाका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने ।

ज. राज्यका सबै क्षेत्रमा प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको अवसर सृजना गर्नकालागि पहल गर्ने ।

झ. महिला, बालबालिका र विपन्न वर्गको न्याय निरुपणमा विशेष ध्यान दिने ।

**२. न्यायिक अधिकार.**

क. थारुहरुको प्रथाजनित कानुन, परम्परा र मानवताको आधारमा निष्पक्ष रुपमा न्याय निरुपण गर्ने अधिकार बरघरमा रहने छ ।

ख. बरघर समक्ष कुनै पीडित पक्षले न्याय पाउन अर्जी गरेमा उक्त विषयमा छलफल गराउने र मेलमिलाप गराउन मध्यस्थताको भूमिका निर्वाह गर्ने ।

ग. द्वन्द्वरत पक्षलाई समझदारीमा ल्याएर न्याय सम्पादन गर्नु पर्दछ ।

घ. न्यायिक तथा अर्ध न्यायिक संस्थाबाट मध्यस्थता, मेलमिलाप, सहजीकरण लगायत कार्यका लागि अनुरोध भई आएमा सो सम्बन्धी कार्य गर्ने ।

ड. न्यायिक समिति र मेलमिलाप केन्द्रमा कुनै विषयमा निवेदन वा मुद्दा परेमा र उक्त विषय आफ्नो गाउँ, समुदायका परिवार, व्यक्तिसँग सम्बन्धित भएमा त्यसको छलफलमा उपस्थित हुने वा प्रतिनिधि पठाउने ।

च. गाउँको विवाद मिलाउँदा दोषी ठहर भएम गाउँको नियम अनुसार दण्डजरीवान खारा, क्षतिपूर्ति भराउने, आदि गर्ने ।

छ. कुनै विवाद मिलाउदा सकेसम्म प्रचलित कानुनलाई पनि ध्यानमा राख्नु पर्नेछ ।

**३) विकास निर्माण सम्वन्धि अधिकार**

क. आफ्नो गाउँको विकास निर्माण सम्वन्धि योजना, पहिचान, प्राथमिक्ता छनौट गर्ने, योजना बनाउने र निर्माण कार्यको अगुवाई गर्ने ।

ख. विकास निर्माण कार्यका लागि श्रोत र साधनको व्यवस्था मिलाउने ।

ग. गाउँको विकास निर्माणमा जनश्रमदान जुटाउन अगुवाई गर्ने ।

घ. गाउँको सामुहिक कार्यमा अनुपस्थित हुने घर परिवारलाई गाउँ जुटेहलाको निर्णय अनुसार खारा गर्ने ।

ङ. गाउँ बखेरी जुटेहलाबाट गाउँको योजना पास गराई गाउँ र वडामा लेखी पठाउने

च. विकास निर्माणको काम सम्पन्न भई सकेपछि सार्वजनिक सुनुवाई गराई अभिलेख राखी आवश्यक्ता अनुसार सम्वन्धित कार्यालयमा पठाउने ।

छ. गाउँको विकास कार्यमा साझेदारी गर्ने सरकारी तथा गैर सरकारी संस्था सँग सहयोग, समन्वय सहकार्य गर्ने ।

**४) साँस्कृतिक संरक्षण र प्रवर्द्धन सम्वन्धि अधिकार**

क. गाउँमा बर्ष भरी पुजौटी नाचगान परम्परा आदिको संरक्षणका लागी बार्षिक कार्य योजना बनाउने ।

ख. गाउँमा बर्ष भरी मनाइने चाडपर्व पुजौटीको लागी गुरुवा, केसौका र सम्वन्धित सवैको सल्लाह सहयोग लिएर साँस्कृतीक कार्य गर्ने गराउने ।

ग. मेलमिलापका साथ सामुहिक रुपमा चाड पर्व मनाउन आवश्यक व्यवस्था मिलाउने ।

घ. भाषा लिपि लोक कला साहित्य साँस्कृतिको संरक्षण र अभ्यासमा अग्रणी भूमिका निर्वाह गर्ने ।

ङ. प्रथाजनित कानून परम्परा र संस्कार अनुसार सामाजिक साँस्कृतिक आदि कार्य गर्ने गराउने ।

च.सामाजिक संस्कारगत कार्य जस्तै पक्कापोही विवाह, मृत्यू संस्कार चाडपर्वमा सकृय सहभागिता जनाउने र आवश्यक्ता अनुसार जनपरिचालनको व्यवस्था मिलाउने ।

छ. गाउँ बखेरीको निर्णयानुसार तिहाई संकलन गर्ने, र सम्वन्धित पक्षलाई बुझाउने ।

ज. समुदायमा लोप हुन लागेका संस्कृतीको पहिचान गरि संरक्षण र प्रबर्द्धन गर्ने ।

झ. सामाजिक सद्भाव कायम राख्ने ।

**५) सम्पर्क र समन्वयात्मक अधिकार**

क. गाउँको लागी सम्पर्क र समन्वय गर्ने नेतृत्व दायी भूमिका निर्वाह गर्ने ।

ख. गाउँपालिका, वडा कार्यालय, विभिन्न संघ संस्था र पक्षहरु सित सम्पर्क, समन्वय र सहकार्य गर्ने ।

ग. गाउँको समस्याको बारेमा स्थानीय सरकारलाई जानकारी गराउने र आवश्यक सहयोगको लागी अनुरोध गर्ने ।

घ. गाउँको आवश्यक्ता अनुसार आर्थिक तथा प्राविधिक स्रोत व्यवस्थापनका लागि सम्वन्धित कार्यालय व्यक्तिहरु सँग आवश्यक सम्पर्क, सहकार्य गर्ने ।

ङ. विभिन्न सरकारी तथा गैर सरकारी संस्थाले आयोजना गर्ने गोष्ठि, सभा सम्मेलन, बैठक भ्रमण, तालिम आदिमा सहभागी हुने वा सहभागी पठाउने ।

च. विभिन्न निकायबाट प्राप्त हुने कार्यक्रम, अनुदान र सहयोगलाई गाउँमा न्यायोचित वितरणको व्यवस्था मिलाउने ।

छ. गाउँको विकास, समुदायको हितमा कुनै सहयोग गर्न सही मनसायले कुनै निकाय आएमा आवश्यक समन्वय, सहयोग र आधारभूत सूचना उपलब्ध गराउने ।

**(६) बरघरको अन्य अधिकारहरु**

माथि उल्लेखित अधिकारका साथै तपसिलमा उल्लेखित अन्य अधिकार हुनेछन् ।

क. गाउँ समुदायलाई विपद् पूर्व तयारी गराउने ।

ख. शिक्षा, स्वास्थ्य, सरसफाई आदि क्षेत्रको सूचना गाउँमा सम्प्रेषणको व्यवस्था मिलाउने ।

ग. सामाजिक समस्या, बिकृति, अन्याय र अत्याचारको विरुद्ध जनपरिचालन गर्ने, अभियान संचालन गर्ने ।

घ. समानता, न्याय, सामाजिक, सांस्कृतिक, धार्मिक सदभाव, एकता कायम गर्ने गराउने ।

ङ गाउँ बखेरीले गरेको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

**(७) बरघरसित समन्वय गर्नुपर्ने**

कुनै पनि गैर सरकारी संस्था गाउँमा कार्यक्रम सचालन गर्नुपरेमा बरघरसँग समन्वय गर्नु पर्नेछ र सोको वार्षिक सुनवाइ गाउँ बखेरीमा गर्नुपर्नेछ । बरघरले आवश्यकता अनुसार आफू सक्रिय भएर सहयोग गर्ने वा अरु गाउँ समुदायलाई परिचालन गर्न सक्नेछ ।

**१४. सहायक बरघरको काम, कर्तव्य र अधिकार**

(१) गाउँ बरघरले जिम्मेवारी दिएको काम गर्ने ।

(२) गाउँ बरघरको अनुपस्थितिमा गाउँको सार्वजनिक हितको लागि नेतृत्व गर्ने ।

(३) गाउँ बरघरलाई आवश्यक सहयोग गर्ने ।

**१५. लिखन्दारको काम, कर्तव्य र अधिकार**

(१) गाउँको बखेरी, जुटेहला, कचहरीमा उपस्थितिको अभिलेखिकरण गर्ने ।

(२) गाउँ बखेरी,जुटेहला, छलफल, कचहरीमा भएको निर्णयको अभिलेखिकरण गर्ने ।

(३) गाउँ बरघर प्रणालीमा भएको आम्दानी र खर्चको विवरण, बिल, भरपई र हिसाव किताव दुरुस्त राख्ने ।

(४) गाउँको बखेरी, जुटेहला, कचहरी, छलफल आदिमा सहजिकरण गर्ने ।

(५) विभिन्न संघ, सस्था, कार्यालयमा बरघरको निर्देशनमा पत्राचार, गाउँको जानकारी, सूचना, प्रतिबेदन आदि दिने ।

**१६. अगहुवाको काम, कर्तव्य र अधिकारः**

(१) जनश्रमदानको बेलामा बरघरलाई सहयोग गर्ने ।

(२) जन श्रमदानमा काम विभाजन र नान हाल्ने ।

(३) जन श्रमदान गर्दा जिम्मेवारी अनुसार काम भए नभएको निरीक्षण गर्ने ।

(४) कुलो सिंचाई, बाटोघाटो सरसफाईमा बरघरलाई आवश्यक सहयोग गर्ने ।

**१७. गुरुवाको काम, कर्तव्य र अधिकार**

(१) गाउँको वर्षभरि गरिने विभिन्न पुजौटीलाई परम्परा र बिधि अनुसार सम्पन्न गर्ने ।

(२) गाउँमा हुन सक्ने हैबी, दैबी, प्रकोप, किट पटङ, खराव डोख,दुष्ट नजर, रोगब्याध बाट गाउँका मानव, जीवजन्तु र बाली नालीलाई बचाउन आफ्नो ज्ञान, अनुभव र अभ्यासले हरसम्भव प्रयास गर्ने ।

(३) गाउँ समुदायमा हुने सामाजिक, धार्मिक, संस्कार, सस्कृतिका सरसल्लाह र सहयोग प्रदान गर्ने ।

(४) गाउँ घरमा सामाजिक सहिष्णुता र एकतामा सहयोग गर्ने

(५) बिरामी वा पिडित व्यक्ति वा पक्षको अनुरोधमा उपचार र स्वास्थ्य हितको व्यवस्था मिलाउने, पूजा पाठ गर्ने गराउने ।

(६) गाउँ समुदायमा अन्धविश्वसलाई बढावा दिने कार्य नगर्ने ।

**१८. केसौकाको काम कर्तव्य र अीधकारः**

(१) विभिन्न पूजापाठ र कर्म गर्नको लागि गुरुवाको सहयोगीको रुपमा काम गर्ने ।

(२) गाउँका मानिस र पशुपंक्षीमा कुनै रोग ब्याधले  सताएमा त्यसबाट बचाउन आफ्नो ज्ञान, अनुभव र अभ्यासले हरसम्भव प्रयास गर्ने ।

**१९. चिराकीको काम, कर्तव्य र अधिकारः**

(१) गाउँमा बरघरले खटाएको सार्वजनिक हितको काम गर्ने ।

(२) गाउँको मुल देवथानमा नियमित दियो बाल्ने र पुजौटी गर्ने ।

(३) पूजापाठ, भोजकाज र चाडपर्वको बेलामा चोखो वा पवित्र आगोको व्यवस्था मिलाउने ।

(४) गाउँको सामुहिक काम, पूजापाठ र गाउँको भोजकाजमा बत्ति वा उज्यालोको व्यवस्था

मिलाउने ।

**२०. चौकीदारको काम, कर्तव्य र अधिकार**

(१) बरघरले खटाएको काम गर्ने ।

(२) गाउँमा सूचना प्रदान गर्न हाँक पार्ने पत्र पुऱ्याउने ।

(३) गाउँको सम्पत्तिको रेखदेख गर्ने ।

(४) विपद् मा परेका व्यक्ति, घर परिवार लाई सहयोग गर्ने ।

(५) गाउँ घरको सूचना नियमित रुपमा बरघरसंग आदान प्रदान गर्ने ।

**२१. घरधुरी प्रतिनिधिको काम, कर्तव्य र अधिकार :**

(१) गाउँ बखेरी, जुटेहला, कचहरीमा सहभागी भई आफ्नो विचार मत दिने ।

(२) बरघरले दिएको सार्वजनिक हितको जिम्मेवारी पूरा गर्ने ।

(३) गाउँ बखेरीको नियम अनुसार तिहाई दिने ।

(४) बरघरको नेतृत्वमा गाउँको विकास निर्माणमा श्रमदन, सीपदन, जिन्सीदन र नगददन गर्ने ।

(५) गाउँ समुदायको समस्याको बारेमा गाउँ बरघरलाई जानकारी गराउने ।

(६) बरघरले खटाएको सामुहिक हितको अन्य कार्य गर्ने ।

(७) समुदायको सामाजिक, संस्कार सस्कृति संरक्षण र प्रर्वद्धन कार्यमा सक्रिय सहभागी हुने ।

## परिच्छेद ५ :

## बरघर प्रणालीमा पद रिक्त हुने व्यवस्था र पदपूर्ति

**२२. पद रिक्त हुने अवस्था :**

यस ऐनको दफा ६, ७ र ८ बमोजिम गठन भएको बरघर संगठन प्रणाली भित्रको पदहरु देहायको अवस्थामा पद रिक्त हुनेछ ।

(१) एक वर्षे कार्यकाल समाप्त भएमा,

(२) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भएमा

(३) निजको मृत्यु भएमा,

(४) खराब आचरणका कारण निजलाई बरघर पदमा राखि राख्ने उचित नभएको गाउँ /वडा /गाउँ जुटेहलाको दुई तिहाई मत जाहेर भएमा पद रिक्त हुनेछ । तर निजलाई सफाइको मौकाबाट बन्चित्त गरिने छैन् ।

(५) असक्त, अस्वस्थ भई बरघरको जिम्मेवारी पूरा गर्न नसक्ने भएमा ।

(६) निजले आफ्नो पदबाट राजीनामा दिएमकोमा गाउँ/वडा/गाउँ जुटेहला बाट राजीनामा स्वीकृत भएमा ।

**२३. बाँकी अवधिका लागि पद पुर्ति गर्ने :**

बरघर संगठन प्रणाली भित्रको पदमा बाँकी अवधिको लागि ऐनको दफा ६,७ र ८ को उप दफा (७) बमोजिम नियुक्ति गरिनेछ ।

## परिच्छेद ६ :

## पदीय मर्यादा र आचरण सम्बन्धी व्यवस्था

**२४. बरघर पदाधिकारीहरुको पदीय मर्यादा र आचरण**

(१) समुदायको हकहित, संरक्षण, प्रर्वद्धन, सशक्तिकरणको लागि स्वतन्त्र, निष्पक्ष र जवाफदेही भई आफ्नो पदीय दायित्व निर्वाह गर्नु पर्नेछ ।

(२) समाजमा बस्ने विभिन्न समुदाय तथा सम्प्रदाय बिचको सम्बन्ध सुमधुर बनाउने कार्य गर्नु पर्नेछ ।

(३) समुदायको प्रथा, परम्परा, प्रथाजनित कानून, मुल्यमान्यतालाई उच्च सम्मान गर्ने ।

**परिच्छेद७ :**

**प्रतिनिधित्व र सहभागीता**

**२५. स्थानीय तहमा प्रतिनिधित्व र सहभागिता**

स्थानीय सरकारले हरेक सार्वजनिक गतिविधिमा समुदायको प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको अवसर प्रदान गर्नेछ । यसका लागि बरघर प्रणालीको प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।

**(१) योजना पहिचान, छनौट र कार्यान्वयनमा प्रतिनिधित्व :**

(क) वडा स्तरीय योजना तर्जुमा गर्दा वडा भेलामा सम्बन्धित गाउँ र वडा बरघरलाई पत्राचार गरी सहभागी गराइनेछ ।

(ख) स्थानीय तहले वडास्तरको योजना छनोट गर्दा गाउँ, वडा भेलावाट र गाउँ बखेरीबाट पारित भई आएको योजनालाई प्राथमिकताको आधारमा समावेश गरिनेछ ।

(ग) वडा, गाउँ  योजना छनोट गर्दा जनप्रतिनिधि/स्थानीय तहमा सेवारत कर्मचारीले सहजिकरण गर्नुपर्नेछ ।

(घ) स्थानीय तहबाट छनौट भएका वडा स्तरका योजनाहरुवडा अध्यक्षको राहोवरमा उपभोक्ता समिति गठन गर्दा गाउँ बरघर को उपस्थिती हुनुपर्ने छ ।

**२. अनुगमन निरीक्षणमा प्रतिनिधित्व :**

क. गाउँ स्तरको योजना कार्यान्वयन गर्दा योजनाको अनुगमन तथा सुपरिवेक्षणका लागि गाउँ बरघर वा जुटेहलाले तोकेको व्यक्तिको नेतृत्वमा अनुगमन समिति गठन गरिनेछ ।

**३. गाउँसभामा प्रतिनिधित्व र सहभागीता :**

क. स्थानीय तहको वार्षिक गाउँ सभाको नीति तथा कार्यक्रम मा गाउँपालिका बरघर लाई आमान्त्रित गारिने छ  ।

**४. न्यायिक समितिमा प्रतिनिधत्व :**

क. स्थानीय सरकार सचांलन ऐनको दफा४९ को उपदफा १० बमोजिम वडामा गठन भएको मेलमिलाप केन्द्रले न्याय निरुपण गर्दा विवादित पक्ष रहेको सम्बन्धित गाउँको बरघरलाई आमन्त्रित गरिनेछ ।

**परिच्छेद ८:**

**आर्थिक स्रोत व्यवस्थापन**

**२६. बरघर संगठन प्रणालीको आर्थिक स्रोत**

बरघर संगठन प्रणालीको आर्थिक स्रोत देहाय बमोजिम हुनेछ ।

(१) गाउँ बखेरी र जुटेहलाको निर्णय अनुसार प्रति घरधुरीले निश्चित प्रयोजनकोलागि जम्मा गरेको नगदी र जिन्सी ।

(२) गाउँ बखेरीले निर्णय गरे अनुसार गाउँमा श्रमदान, भौतिक श्रम गर्न नसक्ने घरधुरीबाट प्राप्त रकम ।

(३) गाउँको बखेरीले निर्णय गरे अनुसार सार्वजनिक काममा अनुपस्थित हुने घरधुरीबाट प्राप्त खारा रकम ।

(४) गाउँ जुटेहलाले निर्णय गरे अनुसारको दण्ड जरी डाँरबाट प्राप्त रकम ।

(५) गाउँमा बसाइ सराई गरी आउनेलाई गाउँको बखेरीको निर्णय अनुसारको गाउँ सदस्यता शुल्क रकम ।

(६) सामुदायिक वन समितिबाट प्राप्त विकास कार्यक्रम अनुदान रकम ।

(७) गाउँको सार्वजनिक स्थलमा गरिने सामुदायिक उत्पादनबाट प्राप्त रकम ।

(८) गाउँमा सामाजिक, साँस्कृतिक, रचनात्मक काम गरी प्राप्त गरेको रकम ।

(९) विभिन्न दाताबाट प्राप्त दान दातब्य ।

(१०) विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाबाट प्राप्त नगदी जिन्सी ।

(११) गाउँ बरघर प्रणालीको सम्पत्ति भाडा दिई आर्जित गरेको रकम ।

(१२) गाउँ बखेरीले निर्धारण गरेको श्रमदान नगरी सिंचाई सुविधा लिने जग्गाधनीसँग लिईने पनकरबाट प्राप्त रकम ।

**२७. खाता सचालन र खर्च विधि**

१. सम्बन्धित गाउँ बखेरी वा जुटेहलाको निर्णय अनुसार उक्त गाउँ बरघर प्रणालीको नाममा नजिकको बैक, वित्तीय संस्था वा सहकारी संस्थामा बैक खाता खोलिनेछ ।

२. यस ऐनको दफा २६ बमोजिम प्राप्त आम्दानी गाउँ बखेरी वा जुटेहलाले तोकेको पदाधिकारीको संयुक्त दस्तखतबाट बैंक खाता संचालन गर्न सक्नेछ ।

३.यस ऐनको दफा २६ बमोजिम प्राप्त रकम गाउँ बखेरी वा जुटेहलाले गरेको निर्णय बमोजिम बरघर प्रणालीले खर्च गर्न सक्नेछ ।

४.बरघर प्रणालीले वर्षभरिको आम्दानी र खर्चको बिल भरपाई अभिलेख राख्नु पर्नेछ । गाउँ बखेरीमा खर्च विवरण सार्वजनिक गरि पास गराउनु पर्नेछ ।

**२८. सम्पत्तिको अभिलेख :**

१. गाउँको सार्वजनिक सम्पत्तिको अभिलेख बरघर प्रणालीले राख्नु पर्नेछ । सोको सुरक्षा गर्ने जिम्मेवारी समेत रहनेछ । सम्पत्तिको भौतिक परीक्षण गरी हरेक वर्ष गाउँ बखेरीमा सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद ९ :
## विविध

**२९. बाधा अड्काउ फुकाउ :**
ऐनको कार्यान्वयनमा कुनै पनि किसिमको बाधा अड्चन आईपरेमा सोको समाधान स्थानीय सरकारबाट हुनेछ ।

(१) यस ऐनको कार्यान्वयन गर्नका लागि स्थानीय सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

२. गाउँ, वडा, गाउँ बखेरीले यस ऐनको कार्यान्वयन गर्नका लागि आवश्यक नियम बनाई स्थानीय सरकारको स्वीकृति लिई आफ्नो कार्यक्षेत्र भित्र लागू गर्न सक्नेछ ।

**३१. कार्यविधि तथा निर्देशिका बनाउने अधिकार :**
यस ऐनको कार्यान्वयन गर्नका लागि स्थानीय सरकारले आवश्यक कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

३२. अनुसूचीमा हेरफेर गर्ने अधिकार :यस ऐनको कार्यान्वयन गर्नका लागि स्थानीय सरकारले अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

### अनुसूची १: दफा ४ को उप दफा (२) बमोजिम

**बरघर प्रणाली भित्रका पदाधिकारीलाई दिईने प्रमाणपत्र**

जोशीपुर गाउँपालिका, वडा नं............. मा रहेको .................... गाउँको गाउँ बखेरीबाट ................ पदमा जोशीपुर गाउँपालिकाले जारी गरेको बरघर ऐन २०७८ को दफा ८(३)/७(ख)/८(ख) बमोजिम छनोट हुनु भएकोमा तपाई श्री ......................... लाई स धन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ ।
बरघर ऐन गाउँ बखेरी र जुटेहलाको निर्णय बमोजिम सार्वजनिक हकहितका लागि कार्य गर्नुहोला ।

| ........................... | ........................... | .......................... |
|---|---|---|
| प्रमुख प्रशासकिय अधिकृत | गाउँपालिका उपाध्यक्ष | गाउँपालिका अध्यक्ष |

**अनुसूची २: दफा ४ को (२) बमोजिम**

**बरघर प्रणाली भित्रका पद ग्रहण गर्ने व्यक्तिलाई दिईने परिचयपत्र**

जोशीपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जोशीपुर, कैलाली

सुदुरपश्चिम प्रदेश, नेपाल

**परिचयपत्र**

नाम :

पद :

ठेगाना :

जन्म मिति :

ना. प्र.नं.

सम्पर्क नं.:

रक्त समुह :

जारी मिति :

फोटो

..............................

प्रमाणित गर्नेको दस्तखत

गाउँपालिका अध्यक्ष

**अनुसूची ३ : बरघर प्रणालीको संगठन ढाँचा**




**आज्ञाले**